स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कार्तिक १५ गते लक्ष्मीपूजाको दिन रिलिज हुन लागेको फिल्म 'एक्टर: टेक वन'ले कमेडी रियालिटी शो 'कमेडी दरबार'सँगको सहकार्यमा राष्ट्रिय स्तरको प्रचारात्मक टुर गर्ने भएको छ। टुर काठमाडौं र उपत्यका बाहिरका ६ सहर इटहरी, नारायणगढ, बुटवल, नेपालगन्ज, दाङ, र पोखरामा हुनेछ। कार्यक्रममा 'एक्टर: टेक वन'का तर्फबाट प्रदीप खड्का, अन्ना शर्मा, दिव्या रायमाझी र 'कमेडी दरबार'का तर्फबाट सुन्दर खनाल, पवन खतिवडा लगायतको सहभागिता हुनेछन्।

**आजको विचार...**



विपद्पछि...
*(दुई पेजमा)*

नारायणप्रसाद सुवेदी

आगामी २४ गते फूलपातीको दिन रिलिज हुने फिल्म 'ज्वाइँ साब'को ट्रेलर सार्वजनिक भएको छ। दुई मिनेट ५६ सेकेण्डको ट्रेलरमा कमेडीसँगै पीडा पनि देखाइएको छ। ट्रेलर फिल्मका प्रमुख पात्र जितु नेपाल वरपर घुमेको छ। आफ्नो विवाह नगरिदिएर बुवाले आफैं बिहे गरेपछि रिसाएका जितुको विवाह गर्ने यात्रालाई ट्रेलरमा स्थान दिइएको छ। ट्रेलरमा नीति शाहसँग विवाह गर्न तयार युवाले विभिन्न प्रतिस्पर्धा गरेको देखाइएको छ। जसमा भारी बोक्ने, चिया पकाउने, लुगा धुनेलगायतका प्रतियोगिता समेटिएका छन्।



❒ वर्ष ३० ❒ अंक ८१ ❒ २०८१ असोज १९ गते शनिबार 5 October 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आँधीका कारण २ सय १० भन्दा बढीको मृत्यु

रासस

**एशभिले,** असोज १८/अमेरिकामा आएको हेलेन आँधीका कारण अहिलेसम्म २ सय १० जनाभन्दा बढीको मृत्यु भएको छ । नर्थ क्यारोलिनामा हेलेनका कारण सबैभन्दा बढी क्षति पुगेको छ । अमेरिकाको दक्षिणपश्चिमी क्षेत्रमा 'हेलेन' आँधीका कारण मृत्यु हुनेको संख्या २ सय नाघेको छ भने व्यापक भौतिक क्षति पुऱ्याएको छ । अमेरिकी उद्धारकर्ताहरूले आँधीबाट बचेकाहरूको खोजी कार्य जारी राखेका छन् । नर्थ क्यारोलिनामा हेलेनका कारण आधाभन्दा बढी मानिसको मृत्यु भएको छ । हेलेन सन् २००५ मा आएको क्याट्रिना आँधीपछिको सबैभन्दा घातक आँधी साबित भएको छ । सन् २००५ मा यहाँ आँधीबेहरीका कारण एक हजार ८ भन्दा बढीको मृत्यु भएको थियो । 'हेलेन' आँधी आएको करिब एक साता बितिसक्दा पनि त्यस क्षेत्रमा सयौं मानिस हराइरहेका छन् भने करिब आठ लाख घरअझै पनि विद्युतविहीन छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार आँधीप्रभावित क्षेत्रको हवाई भ्रमण गरेपछि जर्जियाको रे सिटीमा बाइडेनले प्रभावितहरूलाई भने, "म तपाईंलाई देख्छु, म तपाईंको कुरा सुन्दैछु, म तपाईंसँग दुःखी छु, र म तपाईंसँग प्रतिज्ञा गर्छु, हामी तपाईंको साथमा छौं ।"




## तानसेनमा पर्यटकको चहलपहल

पाल्पाको तानसेनस्थित शितलपाटीमा रमाउँदै बाह्य पर्यटक । असोज महिनासँगै तानसेनमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपलहल बढेको छ । असोज महिना घुम्न र पदयात्राका लागि उत्तम मानिने भएकाले पनि बाह्य पर्यटकहरु पाल्पा घुम्न आएका हुन् । हिन्दुहरुको महान चाडपर्वहरु समेत नजिकिदैं जाँदा तानसेनमा आन्तरिक तथा बाह्य पर्यटकहरुको भिड बढेको छ । पर्यटकको आगमन बढेसँगै पर्यटन व्यवसायीलाई समेत उत्साह जगाएको छ । *-तस्वीर : किशोर भट्टराई/ नवजनचेतना राष्ट्रिय दैनिक*

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,**

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन सञ्चालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तानसेनमा सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास

**तानसेन,** असोज १८/जिल्लाको तानसेन नगरपालिकास्थित अप्पू भिलेज नजिकै सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास गरिएको छ । जिल्ला सुरक्षा समितिको आयोजनामा सडक दुर्घटनाबाट हुने मानवीय क्षति कम गर्न पूर्व अभ्यास गरिएको हो ।

चाडपर्व र वर्षाका बेला बढी सवारी दुर्घटना भई ठूलो जनधनको क्षति हुने भएकाले त्यसलाई कम गर्न पूर्व तयारीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले कृत्रिम अभ्यास गरेका थिए । अभ्यासमा तानसेन-रिडी सडकमा जिप र मोटरसाईकल दुर्घटना भएको हुन्छ । दुर्घटनामा परी मृत्यु भएकाको शव र घाइतेहरूलाई सुरक्षाकर्मी, स्वास्थ्यकर्मीहरूको टोलीले उद्धार गरी उपचार तथा आवश्यक व्यवस्थापन गरिन्छ । उद्धारमा तीन वटै सुरक्षाकर्मीको सक्रियता रहन्छ ।








विपद् जोखिम कृत्रिम घटना अभ्यासको अवलोकन गर्न पुगेकी जिल्ला समन्वय समिति पाल्पाकी उपप्रमुख काशीका गैरैले विपद्सँगै सवारी दुर्घटना जति बेला पनि हुन सक्ने भएकाले त्यस्ता घटनाबाट क्षति कम गर्न यस्ता अभ्यासहरु नियमित भएमा समुदाय चनाखो हुने र विपद्पछि पनि सहजीकरण गर्न सकिने अवस्था रहने बताइन् । उनले जुनसुकै समयमा विपद्का घटना हुने भएकाले सम्बन्धित निकाय सदैव तयारी अवस्थामा रहनुपर्ने उल्लेख गरिन् । दुर्घटना भइहाले त्यसबाट तत्काल उद्दारमा जुट्न सक्ने बनाउन कृत्रिम अभ्यास महत्वपूर्ण हुने तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजालीले विश्वास व्यक्त गरिन् । उनले भनिन् 'कुनै पनि विपद्का घटना थाहा दिएर तथा बाजा बजाएर आउँदैनन्, तर सडक दुर्घटना भने लापरबाहीले नै बढी हुने गरेका छन्, त्यसैले यस्ता अभ्यासको ठूलो महत्व छ ।' विपद् कुनै पनि समयमा आउन सक्ने भएकाले सुरक्षाकर्मी तथा उद्धारमा संलग्न सुरक्षा निकायलाई तयारी अवस्थामा राख्न पूर्व अभ्यास गराइएको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले बताए । 'चाडपर्वहरु नजिकिएका छन् । चाडपर्वको बेलमा गाडीहरु ब्यापक रुपमा सडकमा हिड्नुपर्ने हुन्छ । त्यस्तो समयमा कहिलकाँही दुर्घटना पनि हुन सक्छ । दुर्घटना सजिलो ठाउँमा मात्रै हुन्छ भन्ने छैन् ।' प्रजिअ काफ्लेले भने,-'दुर्घटना कुनै ठूला अप्ठ्यारा भिरहरुमा पनि हुन्छ । त्यसलाई मध्यनजर गर्दै सडक दुर्घटना सम्बन्धि डेमो प्रर्दशन गरिएको हो ।' जिल्लामा सुरक्षा निकायले विगतमा पनि विपद् जोखिम व्यवस्थापनमा कृत्रिम अभ्यास गर्दै आएको छ । आगालागी होस् वा, बाढी पहिरो जस्ता विपद्का घटनाहरुबाट क्षति कम गर्न सुरक्षा निकायले बेला बेलामा यस्ता अभ्यास गर्दै आएको पाइन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## शिक्षक दिवसको सन्दर्भ

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को आह्वानमा आज विश्व शिक्षक दिवस मनाइँदैछ । समाजमा शिक्षकको भूमिका स्थापित गर्न सन् १९९४ देखि यो दिवस मनाउन थालिएको हो । हरेक वर्ष अक्टोवर ५ मा यो दिवस मनाउने गरिन्छ । आजको दिन संसारभर विभिन्न कार्यक्रम गर्दै गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीहरुलाई स्थानीय तथा अन्तर्राष्ट्रिय समाजको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन मद्दत गर्ने शिक्षकहरुको सम्झना र सम्मान गरिन्छ । यो आफैमा राम्रो हो । शिक्षण पेशाको मर्यादा र शिक्षकको सम्मान गर्ने प्रयोजनले विशेष दिनका रुपमा विश्वभर शिक्षक दिवस मनाउने गरिएको हो । ज्ञानको ज्योति छर्ने, विश्वमा दक्ष, असल जनशक्ति उत्पादन गर्ने शिक्षकलाई सधैं सम्मान गर्नुपर्दछ । तर पछिल्लो समय शिक्षकको योगदान, भूमिका र महत्वलाई बिर्सन वा ओझेलमा पार्न थालिएको छ । यसो हुनु दुखद् हो ।

नेपालमा यतिबेला शिक्षक व्यवस्थापनमा देखिएका जल्दाबल्दा मुद्दाहरु निकै चोटिला छन् । अस्थायी शिक्षकको सदाबहार आन्दोलन छदैछ । योग्य शिक्षकको नियुक्तिमा प्रश्न उठ्ने गरेको छ । विभिन्न हैसियत र सेवासुविधा प्राप्त गर्ने दर्जनभन्दा बढी थरिका शिक्षकको अस्तव्यस्त व्यवस्थापन एकातिर देखिन्छ भने अर्कोतिर विषयगत तालिम प्राप्त शिक्षक उपलब्धता र चरम राजनीतिकरण अहिले देखिएका मुद्दा हुन् । शिक्षकले पाउनुपर्ने जति कदर पाएका छैनन् । जसका कारण नैतिक आचरण र शिक्षा ग्रहणमा कमी हुँदै गएको छ ।

शिक्षकको योग्यता, क्षमता र दक्षता जाँच्ने कसी विद्यार्थी उपलब्धीस्तर नै हो । तर शैक्षिक, बौद्धिक वर्गलाई पञ्जामा राखेर जिउने आदतले देशमा शैक्षिक दमनको मनोवैज्ञानिक पीडा छ । यसो हुनु राम्रो होइन । आफ्नो ज्ञान, सीपको माध्यमले तटस्थ र स्वतन्त्ररुपमा आफ्ना विद्यार्थीहरुलाई ज्ञान दिने दायित्व बोकेका शिक्षकहरुलाई सम्मानजनक रुपमा शिक्षण पेशामा आवद्ध गराउन सकियो भने मात्र हरेक वर्ष शिक्षक दिवस मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

मिठो बोल्ने सबै मित्र हुँदैनन्, रिसाउने सबै शत्रु हुँदैनन,
नाता पर्ने सब आफ्ना हुँदैनन, अनि बोल्ने सब बाठा र नबोल्ने लाटा हुँदैनन् ।
*(कमला थापाकोफेसबुक स्टाटसबाट www.facebook.com//Kamala.Thap)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपद्पछि विश्लेषण गर्नुपर्ने प्रश्न



नारायणप्रसाद सुवेदी

यही असोज १०-१२ गतेको वर्षामा काठमाडौं उपत्यकामा २४ घण्टामा ५४ वर्षयताकै उच्च वर्षा मापन गरियो । जल तथा मौसम विज्ञान विभागका अनुसार असोज १०-१२ मा १४ जिल्लाको २५ मापन केन्द्रले पुरानो रेकर्ड तोड्दै भारी वर्षा मापन गरे । यस घटनाले नेपालमा वार्षिक ५०० भन्दा बढी बाढी, पहिरो र हिमपहिरोजन्य विपद् निम्त्याउने अवस्थालाई पुन: पुष्टि गऱ्यो । विगतका घटनाहरू हेर्दा, २०५० सालमा टिस्टुङ क्षेत्रमा २४ घण्टामा ५४० मिलिमिटर वर्षा हुँदा कम्तीमा १३५६ जनाको मृत्यु हुनुका साथै अर्बौंको सम्पत्ति क्षति भएको थियो । राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार १० वर्ष (२०६८ सालदेखि २०७७ सम्म) मा १८९६ जनाको मृत्यु, करीब १९ अर्ब ६९ करोडको क्षति भएको पाइन्छ, जसमध्ये वि.सं. २०७७ मा मात्रै ३४३ को मृत्यु एवं सबैभन्दा बढी क्षति (१४ अर्ब ९४ करोड) २०७१ सालमा भएको देखिन्छ ।

**वर्षा र बाढीको वर्तमान अवस्था :** असोज १२ शनिबार काठमाडौं उपत्यकाका विभिन्न स्थानमा २४ घण्टामा अत्यधिक वर्षा मापन गरिएको थियो । त्रिभुवन विमानस्थल वर्षा मापन केन्द्रमा २३९.७ मिलिमिटर वर्षा मापन भयो, जुन २२ वर्षअघिको १७७ मिलिमिटरको रेकर्डलाई तोड्यो । नेपालमा सन् १९७० देखि वर्षाको अभिलेख राख्न थालिएको पाइन्छ । काठमाडौंमा शुक्रबार बिहानदेखि सुरु भएको भारी वर्षा शनिबार अपराह्नपछि मात्रै रोकिएका कारण उपत्यकाका नदीहरूमा अत्यधिक बाढी आउँदा नदी आसपासका शहर र सडक जलमग्न बनी उपत्यका आक्रान्त भएको थियो । देशभर अविरल वर्षापछि आएको बाढीपहिरो र डुबानका कारण अहिलेसम्म २०० भन्दा बढी जनाले ज्यान गुमाएका छन् भने अझै धेरै जना बेपत्ता छन् । उपत्यकामा पहिले पनि सानो र ठूलो बाढी आएकै थियो, तर पनि त्यतिबेला नदी प्राकृतिक स्वरूपमै आफ्नो बहाव क्षेत्रमा बगेको थियो, जसले गर्दा नदीको दायाँ र बायाँ किनारामा त्यस्तो अप्रत्यासित बाढी र क्षतिको महसुस भएको पाइएको थिएन । तर अहिलेको अवस्था मानव अतिक्रमणका कारण जटिल बनेको छ । नदीहरूमा फोहोर मिसाएर जल प्रवाह अवरुद्ध गरिएकोले गर्दा पनि आसपासका क्षेत्रमा केही हदसम्म बाढीको सम्भावना बढाएको पाइन्छ । जलवायु परिवर्तनको असरले पनि अप्रत्यासित वर्षा निम्त्याएको हुनाले यसबाट पाठ सिक्दै हामीले पूर्वतयारी गर्न आवश्यक छ ।

**उपत्यकामा बाढीको प्रभाव :** काठमाडौं उपत्यकामा पानी सोस्ने र भण्डारण गर्ने प्रणाली अव्यवस्थित छ । पहिले उपत्यकाका खेत, खुला जमिन र हरियाली क्षेत्रहरूले पानी सोस्ने, पानीको बग्ने वेगलाई कम गर्ने र विस्तारै जमिनमुनि छिराउने काम गर्थे । फलस्वरूप आंशिक बाँकी पानी मात्रै बग्ने र एक स्थानबाट अर्को स्थानमा पानी पुग्न समय लाग्ने र पानी विस्तारै फैलिन र सर्न सक्ने हुनाले, एकातिर बाढीको खतरा घट्न जाने अर्कोतिर उपलब्ध समयमा सुरक्षित स्थानमा पुग्दा मात्रै पनि केही क्षति न्यूनीकरण हुने गरेको थियो । तर अब उपत्यकामा अव्यवस्थित शहरीकरणका कारण पानी सोस्ने क्षमतामा कमी आएको छ । बागमती नदीको बहाव क्षेत्र विभिन्न पुलहरूमा अपुग रहेकोले कतिपय स्थानहरूमा डुबान र कटान हुने गरेको छ । उदाहरणको लागि बागमती नदीको यूएनपार्कमा करीब ५५ मिटर र थापाथलीमा करीब १६० मिटर लामो पुल रहेको छ । काठमाडौंका मुख्य नदीहरू, जस्तै बागमती, विष्णुमती, धोबी खोला, नख्खु खोला, मनोहरा, हनुमन्ते लगायतमा मानव अतिक्रमण हुँदा ती साँघुरिएका छन् । विष्णुमती, धोबी खोला, मनोहरा, हनुमन्ते, गोदाबरी खोला र नख्खु खोला लगायतका खोला/नदीहरू बागमती नदीका सहायक नदीहरू हुन् । हनुमन्ते र गोदाबरी खोला मनोहरा खोलामा मिसिई शंखमूल योगा पार्क नजिकै बागमती नदीमा समाहित हुन्छन् भने नख्खु खोला चोभार डाँडा भन्दा अपस्ट्रिम तथा बागडोल बाटिका भन्दा डाउनस्ट्रिम बीचको स्थानमा बागमती नदीमा मिसिन्छ । नदीले आफ्नो तल्लो तटीय क्षेत्रमा पार्न सक्ने प्रभाव, असर र क्षति माथिल्लो तटीय क्षेत्रमा भएका, गरेका/गरिएका क्रियाकलापहरूसँग अत्यन्तै अन्तरसम्बन्धित हुन्छन् । जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन र व्यवस्थापन विना स्वस्थ तथा व्यवस्थित नदी प्रणाली सम्भव देखिंदैन, जुन तल्लो तटीय क्षेत्रमा हुने बाढी डुबान, गेग्रान कटान, पटान, नदीको बेड लेवल बढ्ने वा घट्ने जस्ता जलजन्य प्रकोपसँग सम्बन्धित समस्याहरूको न्यूनीकरण तथा व्यवस्थापनका लागि महत्वपूर्ण छ । यी नदीहरूमा पहिले पर्याप्त बहाव क्षेत्र रहेको भए पनि, अहिले खोला किनारामा बस्ती बसालेकाले बाढीको समस्या थप गहिरिएको छ । यसले नदी प्रणाली र जलाधार क्षेत्रको संरक्षणमा चुनौती खडा गरेको छ ।

**क्षतिको कारण र विश्लेषण :** हालको बाढी र डुबानको प्रमुख कारण मानवीय गतिविधिले सिर्जना गरेको अतिक्रमण हो । उदाहरणका लागि, नख्खु खोला क्षेत्रका पहाडहरूमा भएको वन फडानी र अव्यवस्थित उत्खनन्का कारण माटो, ढुङ्गा र लेदो नदीमा बगेर तल्लो तटीय क्षेत्रको जमिन उर्वर नबनाई माटो ढल्किएर बाढीको मात्रा बढाएको पाइन्छ । त्यसैगरी लेले नल्लुको दमसिडोल सामुदायिक वनका केही पहाडहरू उजाड देखिन्छन्, रूखहरू छैनन्, केवल भूस्खलन योग्य चट्टानहरू छन् । काटिएका नांगा उत्खनित पहाडहरूबाट निस्कने ढुङ्गा, धुलो र माटो सिधै नदीमा मिसाइएको पाइन्छ । वर्षौंदेखि सञ्चालित ढुङ्गाखानी, अत्यन्तै भिरालो क्षत-विक्षत पहाड, उत्खनन् गरिएपछि असरल्ल छाडिएका ढुङ्गामाटोले नख्खु खोलाको तल्लो तटीय क्षेत्रमा माटो, ढुङ्गा, लेदो तथा गेग्रान आपूर्ति गर्न जिम्मेवार रहेको पाइन्छ । जसका कारण गत हप्ताको भीषण बाढीमा कतिपय स्थानमा नदीको बेड लेभल बढ्न गई दायाँ र बायाँ किनारामा समेत बाढीको प्रभाव, असर र क्षति समेत बढेको देखिन्छ । एक अध्ययनका अनुसार काठमाडौंको शहरी क्षेत्र मध्ये करीब ६६ प्रतिशत भन्दा बढी जमिन बिल्ट अप एरियाको रूपमा परिणत भएको पाइन्छ, जसले गर्दा जमिनको सतहमुनि पानी छिर्ने दरमा अत्यधिक कमी आई भूमिगत जलस्रोतको सतह पनि घट्दै ( करिब ९ देखि ६८ मिटरसम्म तल झरेको) जाने गरेका कारणले गर्दा परापूर्वकालदेखि नै उपलब्ध भइरहेका ढुंगेधारा, इनार, मूल जस्ता पानीका स्रोतहरू समेत सुकेको पाइन्छ । अर्कोतिर रफ्नेस कोफिसेन्ट अत्यधिक कम हुन गई जमिनमा कत्ति पनि पानी नअडिई बगेर जाने गरेका कारण उत्तिकै वर्षा हुँदा पनि नदीमा बाढीको मात्रा बढेको पाइन्छ । माथिल्लो तटीय क्षेत्रमा प्राकृतिक तथा मानवीय कारणले गर्दा सेडिमेन्ट इरोजन भई नदीको सतह बढ्दै जानाले रिभर च्यानलको क्यारिङ क्यापासिटीमा अत्यधिक कमी आई नदीको दायाँ र बायाँ अत्यधिक डुबान तथा क्षति हुने गर्दछ । उत्तिकै बाढी डुबान, कटान र पटान ( हजार्ड) हुँदा पनि नदी आसपास, लडप्लेन र जलाधार क्षेत्रमा भएको क्रमश: अतिक्रमण, घर लगायत अन्य संरचना मापदण्डको अपालना, भू-क्षय आदि कारणले (एक्सपोजर, भल्नरेबिलिटी र कोपिंग क्यापबसिटीमा आएको कमी) जोखिम र क्षतिमा बढोत्तरी भएको पाइन्छ । अहिले काठमाडौंमा आएको बाढी ५४ वर्षयताको पक्कै ठूलो बाढी हो, तर विगतमा टिस्टुङमा ५४० मिलिमिटर र कञ्चनपुरमा करीब ६०० मिलिमिटरसम्म परेको पानीको तुलनामा अहिले हामीकहाँ खासै अप्रत्यासित पानी परेको भने होइन । तर यसले हाम्रो तयारीको कमीलाई उजागर गरेको छ । मौसमविद्हरूले समयमै सम्भावित खतराको चेतावनी दिएका थिए, तर तयारीमा कमीले गर्दा अपेक्षित रूपमा क्षति न्यूनीकरण हुन सकेन । त्यसैले यसलाई हामीले चेतावनीको रूपमा लिई भोलि फेरि धेरै पानी पर्दा त्यो पानि कहाँ पऱ्यो, कति पऱ्यो, कति अवधि पऱ्यो अनि त्यो पानी कहाँ जान्छ र त्यसले काठमाडौं उपत्यकाका कस्तो कस्तो ठाउँमा कस्तो असर पार्छ भनेर हामीले एकीकृत रूपमा पूर्व तयारी गर्नु वाञ्छनीय देखिन्छ । उपत्यकाको उत्तरतिरको भागमा भन्दा दक्षिणी भागमा बढी वर्षा भएको देखिन्छ । काठमाडौं उपत्यकाको जमिनको पानी सोस्ने र जमिनमुनि पानी छिर्ने क्षमतामा कमी आई 'रन अफ कोफिसेन्ट' अत्यधिक बढेको (झण्डै ०.९ भन्दा बढी) देखिन्छ । अर्कोतिर नदीमा अतिक्रमण वर्षेनि वृद्धि हुँदै गएकोले निम्त्याइएको प्रलय भएकोले, अब यो समस्या वर्षेनि दोहोरिने देखिन्छ । यस पटक मौसमविद्हरूबाट सम्भावित खतराको यथेष्ट एवं पर्याप्त जानकारी र चेतावनी समय प्राप्त हुँदा पनि पूर्व तयारी गरी अपेक्षित क्षति न्यूनीकरण हुन नसक्नुको कारण खोज्नुपर्ने देखिन्छ । विपद् पछिको राहत संस्कृति पनि कहीं कतै केही हदसम्म पूर्व तयारीको बाधक बनेको हो कि भन्ने देखिन्छ ।

**विपद् व्यवस्थापन र समस्या समाधान :** काठमाडौंमा अव्यवस्थित शहरीकरण र निर्माण कार्यले बाढीको जोखिम बढाएको छ । मानिसहरूले खोलाको छेउमा घर निर्माण गर्दा, नदीले बहाव गर्न पाउने ठाउँ साँघुरिएको छ । यसले बाढी निम्त्याउन र वातावरणलाई पनि हानि पुऱ्याउन सक्छ, तर निर्माण अघि यी मुद्दाहरू कसैले गम्भीरतापूर्वक अध्ययन गरेका छैनन् । पानी पर्दा खोलाहरूले नजिकका घरहरू बगाउन सक्छन् । उचित योजना बनाएको भए यस्तो समस्या उत्पन्न हुने थिएन । अहिले, धेरै मानिसले खोलाको छेउमा घरहरू बनाइसकेका कारण क्षतिको सम्भावना अत्यधिक बढेको देखिन्छ । त्यसैले, अब हामीले बाढीबाट हुने क्षति कम गर्न उपायहरू खोज्नुपर्छ । बाढी र डुबानको जोखिम कम गर्न एकीकृत नदी व्यवस्थापन योजना लागू गर्नु जरूरी छ । नदी किनारमा अव्यवस्थित रूपमा बनेका संरचना र बस्तीहरूको व्यवस्थापन गरिनुपर्छ । भविष्यमा हुने बाढीको क्षति न्यूनीकरण गर्न अब हाम्रो ध्यान बाढीको पूर्वतयारी र उपलब्ध क्षेत्रहरूको व्यवस्थापनमा हुनुपर्छ । प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो र भूकम्प प्राय: चेतावनी विना आउँछन्, र यी घटनाहरू पूर्ण रूपमा रोक्न सम्भव छैन, तर पक्कै पनि विपद् अघि र पछि गरिने पर्याप्त तयारीले क्षतिको मात्रालाई भने अवश्य न्यूनीकरण गर्न सकिन्छ ।

**निष्कर्ष :** विपद् व्यवस्थापनमा ज्ञान र अनुभव हुँदाहुँदै पनि, व्यावहारिक स्तरमा कार्यान्वयनमा कमी आएको छ । बाढीको प्रभावलाई समयमै ठम्याउन नसक्नु, पूर्वतयारीको अभाव र नीति तथा योजना प्रभावकारी रूपमा कार्यान्वयन नगर्नु यस समस्याका प्रमुख कारण हुन् । बाढी, पहिरो र प्राकृतिक प्रकोपहरू पूर्ण रूपमा रोक्न नसके पनि पूर्व तयारीका माध्यमबाट क्षति न्यूनीकरण गर्न सकिन्छ । अन्तत:, विपद् व्यवस्थापनमा भएका केही ज्ञान र अनुभवलाई एकीकृत गरी हालैको बाढीबाट भएको असर र क्षतिलाई आधार मानी व्यावहारिक रूपमा हामी कहाँ चुक्यौं, के गर्नुपर्थ्यो, किन भएन वा समस्या हाम्रो क्षमता भन्दा ठूलो भयो ? अब यी प्रश्नहरूको गहिरो विश्लेषण गरेर समाधान खोज्ने बेला आएको छ । नि बोल्ने सब बाठा र नबोल्ने लाटा हुँदैनन् ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जागर र हिम्मत वढ्नेछ । | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **वृष** : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ लेखाइमा प्रगति हुनेछ । | **वृश्चिक** : सफलता मिल्नेछ । मनोरञ्जनमा सहभागीता भइएला । |
| **मिथुन** : न्यायिक कार्यमा सफलता मिल्ने छ । जोश जागर र हिम्मत वढ्नेछ । | **धनु** : योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद बढ्नेछ । |
| **कर्कट** : नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । मित्रबाट सहयोग मिल्नेछ । | **मकर** : बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ । |
| **सिंह** : सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटावपनि हुन सक्छ । | **कुम्भ** : दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **कन्या** : धन लाभ हुनेछ । शेयर बजारको कारोवार बढ्ने हुनेछ । | **मीन** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कामको थालनी होला । |

# साहित्य दर्पण

लघुकथ — राजेन्द्र पहाडी

## आसन, भासन र शासन

आसन, भासन र शासन उनको अन्तरफदयदेखिको चाहना हो । उनी जुन जुन कार्यक्रममा पुग्दछन्, आयोजकहरुले आसन ग्रहण गराएकै हुनुपर्दछ ।

यदि आसन ग्रहण गराउने सम्भावना देखिएन वा गराइएन भने उनले कार्यक्रम सञ्चालकलाई आफूलाई आसन ग्रहण गराउनका लागि चीट नै लेखेर दिन्छन् । यतिमात्र कहाँ हो र नाम मात्रका भएपनि कम्तीमा एक दर्जन पदीय जिम्मेवारीमा रहेको फेहरिस्त पनि सञ्चालकको हातमा पुग्छ । उनलाई सञ्चालकले आसन ग्रहण गराएर मात्र पुग्दैन, उनका सबै पदीय जिम्मेवारी पनि क्रमश: पढिदिनै पर्छ । यदि आसन ग्रहण गराइएन वा दिइएका सबै पद सही सलामत उच्चारण गरेर सुनाइएन भने उनी भन्कँदै सभास्थलबाट बाहिरिन्छन् ।

(आयोजक आफूलाई सुरक्षित महशुष गर्छ-कुचोले बढार्नुपर्ने हावाले लगिदिएकोमा) ले मानौं, उनले दिएको चीट अनुसार नै सञ्चालकले आसन ग्रहण गराएछन् । अब पालो आयो उनको भाषणको । उनीसँग खास सरोकार नभएको, उनको दक्षताको क्षेत्र नभएको वा उनलाई मन्तव्य राख्न दिने कुनै तयारी नगरिएको कार्यक्रममा पनि उनलाई आयोजकले बोल्न दिनै पर्दछ । नभए कहीं न कहीं गएर कार्यक्रम बिथोलिने कुरामा कुनै शंका नै हुँदैन । किनभने कार्यक्रम चलिरहेकै अवस्थामा उनले आफूलाई भाषण गर्न नदिएको बहानामा लफडाबाजी निकालिहाल्छन् । आयोजक बाध्य भएर उनलाई दुई मिनेटभित्र आफ्नो भनाई राख्न अनुरोध गर्दै समय उपलब्ध गराउँछ । (रहरले होइन, कहरले-मूर्खदेखि दैव डराउँछ) जब उनी माइक्रोफोन अघि पुग्छन्, तब सुरु हुन्छ अर्को रमाइलो । कार्यक्रम सञ्चालकले उपलब्ध गराएको दुई मिनेटको त के कुरा, कम्तीमा २० मिनेटमा उनको भनाई टुङ्गिए ठूलै उपलब्धी हुन्थ्यो । चाकडी चाप्लुसीका अनेकानेक फतुर फुर्कासहितको सम्बोधनमा पाँच मिनेट, कार्यक्रमको ब्यानरतिर फर्केर ब्यानरमा लेखिएको कुरा कनिकुथि उच्चारण गर्दै व्याख्या गर्न र आयोजकले आफूलाई सुरुमा आसन ग्रहण नगराएको र बोल्न पनि समय उपलब्ध नगराएको गुनासोका लागि १० मिनेट र आफूले गरेका कथित सेवाक्षेत्रका काम र आृना बारेमा बखान गर्न कम्तीमा पाँच मिनेट बताउँदा बताउँदै २० मिनेटको समय पनि कम्ति नै हुन्छ ।

सञ्चालकले भनाई टुङ्ग्याउन अनुनयसहितको चीट नथमाएसम्म व्यक्तिगत चर्चाको उत्कर्ष जारी नै रहन्छ । 'बक्ताको रुपमा बोलाएपछि आफ्ना कुरा त राख्न दिनुपर्छ नी, बीचैमा चीट दिने ? सञ्चालकको सभ्यता भएन है ।' उनकै धम्कीपूर्ण अभिव्यक्ति । (जो चोर-उसकै ठूलो श्वर) उनी कसरी अरुमाथि शासन चलाउँछन् भन्ने कुरा त अघिल्ला प्रसङ्गबाट प्रष्ट नै भैसकेको छ । कहिलै कार्यक्रम स्थलमा समयमा पुगेको रेकर्ड नै छैन उनको । आयोजकलाई कार्यक्रम सुरु भएपछि आफूलाई खबर गर्न आदेश फर्माउँछन् । घरका सदस्य वा बाटोमा भेटिने जो कोहीसँग लिृट मागेर ढिलो गरी कार्यक्रममा पुग्छन् । कार्यक्रमस्थलमा पुगेपछिको केही झलक त माथि नै आइसकेको छ ।

आफू बोलेपछि अरुका विचार सुन्दैनन्, लुसुक्क सभास्थलबाट बाहिरिन्छन् । उनी आफूलाई महान अभियन्ता, राजनीतिज्ञ, पत्रकार, साहित्यकार, समाजसेवी, व्यवसायीसहित यस्तै थुप्रै विशेषण जोडेर दावी प्रस्तुत गर्दछन् । उनको सोचाइमा उनका यी कथित दावीहरुलाई बाँकी दुनियाले निशर्त मानिदिनुपर्दछ ।

साँझ परेपछि स्थानीय पत्रकारलाई फोन गरेर आजको कार्यक्रममा आफूले बोलेका कुरालाई प्राथमिकता दिएर समाचार बनाउन, प्रकाशन गर्न र प्रशारण गर्नका लागि अनुरोध कम आदेश बढी दिन्छन् । उनको अरुमाथि शासन चलाउने शैली हो यो । आसन, भासन र शासनका लागि आशक्त उनलाई धेरैले चिन्दछन् । (चिन्नेहरुले नामथर थप्न सक्ने सुविधा उपलब्ध गराइएको छ ।) उनी अर्थात् श्रीमती ………… । उनी अर्थात् श्रीमान् ………… । उनी अर्थात् सुश्री ………….. । उनी अर्थात् श्री ………….. ।

***-समकालीन साहित्य डटकम***


हार्दिक मंगलमय शुभकामना



हिन्दुहरूको महान चाड विजया दशमी तथा शुभ दिपावली २०८१ को पावन अवसरमा सेवाग्राही, सेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Global IME Bank

शाखा कार्यालय तानसेन, पाल्पा परिवार



रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

| कृष्णप्रसाद तिमिल्सिना | युवराज थापा | रुक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल



रिब्दीकोट गाउँपालिकाको अनुरोध

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।

| लेखनाथ पोखरेल | कान्ता अधिकारी | नारायण बहादुर कार्की |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


कथा — पेशल कुमार लुइँटेल

## सन्तानको मुखाकृति

"वकिल साहेब ! जतिसक्दो चाँडो म सम्बन्धको डोरी चुँडाउन चाहान्छु । यो जिन्दगीले मनको खुशी पहिचान गर्न पाउने कि नपाउने ?" म सुनिरहेको छु उनलाई । एक सुन्दर महिला जो मेरो अगाडि बसेर बोलिरहेकी छिन् । "सम्बन्ध गलपासो हुनु हुँदैन । यो बन्धनबाट म मुक्ति चाहान्छु । मेरा सम्पूर्ण खुशीहरूलाई कैद मुक्त गर्न चाहान्छु ।"

उनको आवाजमा केही रोदन, केही क्रन्दन र केही चिच्च्याहट मिसिएको छ । "म अति नै पीडामा छु । अब म सहन सक्दिन । हिजो राति पनि रक्सी खाएर लोग्नेले हातपात गऱ्यो ।" उनी आँखाबाट पीडाहरू पोखिरहेकी छिन् । लाग्छ उनी पीडाको पराकाष्ठामा छिन्, चरम यातनाबाट गुज्रिरहेकी छिन् र शरीरभरि नीलडाम बोकेर बाँचिरहेकी छिन् । "सधैं जसो हो कि कहिलेकाहीं मात्र यातना दिन्छन् तपाईंका पतिले ?" मैले उनको निधारको नीलडाम नियाल्दै सोधें । "म आर्थिक उपार्जनको लागि धेरै दु:ख गर्छु । त्यही पैसा पनि लोग्नेले खोसेर लग्छ र रक्सी पिउँछ । अनि मातेपछि मलाई जबरजस्ती गर्छ । न त शारीरिक सुख छ न त मानसिक सुख । सधैंजसो यस्तै गर्छन् ।" उनी डाको छोडेर रुन थालिन् ।

महिलाहरू कत्ति धेरै यातना सहेर पनि बाँचिरहेका हुन्छन् । के एक पटक विवाह भयो भन्दैमा एक नारीले जस्तोसुकै पीडा सहेर पनि घरबार जोगाउनु पर्ने हो र ? - मैले आफैसँग अनुत्तरित प्रश्न गरेँ । छेउको गमलामा भएको हरियो मनी ट्रीतर्फ आँखाहरू डुलाएँ । "अनि सम्पत्ति के कत्ति छ ? तपाईं अंशसहितको सम्बन्ध विच्छेद चाहानुहुन्छ हो ?" मेरो प्रश्नप्रति उनको ध्यान केन्द्रित भयो । "छ, एउटा घर छ कोटेश्वरमा ६ आना जग्गामा बनेको । अहिले ३ करोडमा बिक्छ । हो म अंशसहितको सम्बन्ध विच्छेद चाहान्छु ।" "अनि तपाईंका पति सम्बन्धविच्छेद गर्न तयार छन् त ? दुवैको सहमति भयो भने सजिलो र चाँडो हुन्छ कानूनी प्रक्रिया ।" कानूनी प्रावधानको बारे सुझाएँ । "पटक्कै मान्दैन, तँलाई छोड्दिन भन्छ । जहाँ गए पनि तँलाई बाँच्न दिन्न भन्छ । के सम्बन्धविच्छेद भएपछि पनि उसले मलाई त्यस्तो गर्न मिल्छ ?" "तपाईंको अनुमति विना सम्बन्ध विच्छेद भइसकेपछि छुन पनि पाउँदैन । त्यसो गरेमा उसलाई कानून लाग्छ ।" यसो भनेको सुनेपछि उनको मुहारमा खुशी फुल्छ । त्यो खुशीको फूल कमलको फूलझैं देखिएको छ र उनको मुहारमा आशाका अन्य कोपिलाहरू फक्रिने क्रममा छन् । "कानूनी प्रक्रियाको लागि आवश्यक पर्ने सम्पूर्ण कागजात लिएर जहिले आए पनि म दर्ता प्रक्रिया शुरू गर्नेछु ।" मेरो कुरा उनले सानो नीलो रङ्गको डायरीमा टिपिरहेकी छिन् ।

"भोलि १० बजे नै म सबै डकुमेन्ट लिएर उपस्थित हुनेछु वकिल साहेब, जतिसक्दो चाँडो यो काम सकाइदिनुहोला बरु म तपाईंको पारिश्रमिकमा केही थप विचार पुऱ्याउनेछु ।" यसो भनिरहँदा मलाई उनी साह्रै अन्यायमा छिन् र चाँडै न्यायको धरातलमा अवतरण हुन चाहन्छिन् भन्ने भाव जागृत हुन्छ । भोलिपल्ट उनी १० नबज्दै आइन् । आवश्यक सम्पूर्ण कागजातहरू साथैमा ल्याएकी रहिछन् ।

मैले फिराद पत्रको मस्यौदा तयार गर्न कार्यालयका कर्मचारीहरूलाई निर्देशन गरें । उनी पर्खिएर बसिरहिन् । मस्यौदा उनलाई पढिबाची सुनाउन समेत मैले आग्रह गरें । फिराद पत्रको मस्यौदामा उनले कूटपिट, हातपात र होलोहेचो गरेको कुरालाई थप्न आग्रह गरिन् । सोही बमोजिम फिराद पुन: सम्पादन भयो र मेरो टेबलमा आयो । मैले केही नजिरहरू र कानुनी दफाहरू मिलेनमिलेको हेरी रातो कलमले हस्ताक्षर गर्दै अन्तिम फिराद पत्र प्रिन्ट गर्न आग्रह गरें । फिरादमा मस्यौदाकर्ताको रूपमा कारणी स्वयंलाई मस्यौदाकर्तामा हस्ताक्षर समेत गर्न लगाई फिराद पत्र दर्ताको लागि जुनियर कानून व्यवसायीलाई पठाएँ । उनी कार्यालयबाट बाहिरिइन् तर उनको आशावादी मुहार भने मेरो कार्यालय परिसरमा घुमिरह्यो केही समय । हिंड्ने बेलामा मुद्दाको लागि आवश्यक दस्तुर पनि छोडेर गइन् । उनको मुद्दा दर्ता भयो । तारिख पर्चा र दर्ता रसिद सहित फिराद पत्र संलग्न मिसिल तयार भयो । कानून बमोजिम उनको लोग्नेको घरदैलोमा म्याद तामेली भयो । उक्त म्यादभित्र फिराद पत्रको प्रतिउत्तर सहित उनको पति अदालतमा उपस्थित हुन्छ ।

ऊ जुन दिन अदालतमा प्रतिउत्तर दर्ता गर्न आएको हुन्छ त्यस दिन मैले उसको कानून व्यवसायी र उसलाई फाँट नम्बर ६ मा देख्छु । यो हाम्रो अपरिचित भेट थियो । उसलाई देख्दा बाहिरी रूपमा उनले भनेजस्तै रिसाहा, भंज्याहा र जँड्याहा जस्तो देखिन्छ । उसको हेराइमा आक्रोशको भाव प्रष्ट देखिन्छ । प्रतिवादी भएको हुनाले मैले उसलाई केही भन्न र बोल्न मिलेन । प्रत्तिउत्तरकर्ता र उसको वकिल फाँटबाट बाहिरिएपछि मैले प्रत्तिउत्तरको प्रतिलिपि लिएँ र कार्यालयतर्फ लागें । प्रतिउत्तरमा उसले छोरो १६ वर्षको भएको कुरा खुलाउँदै बच्चाको मानसिकतामा नकारात्मक असर पर्नसक्ने भएकोले सम्बन्धविच्छेद गर्न नचाहेको कुरा खुलाएको रहेछ । उसकी पत्नी भने जसरी पनि पतिबाट टाढा रहन चाहन्थी ।

कुनै कुराहरू सुन्ने पक्षमा थिइन ऊ । उसको दृढता देख्दा मलाई लाग्थ्यो - महिलाहरूले धेरै प्रतीक्षा पछि निर्णय लिन्छन् र त्यो निर्णयबाट उनीहरू च्युत हुन सक्दैनन् । जस्तो कि लोग्ने मान्छे घर छाडेर हिंड्छ र केही समय, केही वर्ष या भनौं लामो समयपछि पनि घर फर्किन सक्छ । तर, महिलाहरूले घर छोडेर हिंडे भने फर्किन असम्भव प्राय: हुन्छ । उनले धेरै सोच विचार गरेर निर्णय लिएकी छिन् कुनै रीस र आवेगमा हतारिएर उनले निर्णय लिएकी हैनन् । कानूनी प्रक्रिया शुरू भएपछि सम्बन्धविच्छेदको फैसला हुन झण्डै १३ महिना लाग्यो । यस अवधिमा मैले पनि मिलेर बस्नुस् । छोराको लागि भए पनि नछुटिनुस् भन्दै बारम्बार आग्रह गरें । तर, त्यो सम्भव भएन । अन्तत: प्रचलित कानून बमोजिम उनीहरूको सम्बन्ध विच्छेद भयो । महिलाले दर्ता गराएको मुद्दामा सम्बन्ध विच्छेद प्रायश: सजिलै सम्भव हुन्छ । १६ वर्षको छोरोले आफू बाबुसँग बस्ने इच्छा राख्यो र सोही बमोजिम फैसला भयो । सम्बन्धविच्छेदको फैसलाको राय किताबका हरफहरू सुनेपछि पत्नी प्रफुल्लित देखिइन् । तर, पति र छोराको आँखाहरू भने रसिला देखिएका छन् । झण्डै ६० दिनपछि फैसलाको पूर्ण पाठ तयार हुन्छ । यो अवस्थासम्म आइसक्दा पनि पत्नीप्रति आृनो हक भएको जस्तो भाव देखिन्छ पतिमा । घरी झम्टिन खोज्ने, घरी चिथोर्न खोज्ने त घरी हात हाल्ने जस्ता हरकत उसले शुरूदेखि अन्तिमसम्म देखाइरह्यो । सम्पत्तिको बाँडफाँडसहित अंशसहित उनीहरूको सम्बन्ध विच्छेद भयो । !!!!

त्यस घटनाको करीब करीब ३ महीना पछि एक साँझ म घर फर्किने क्रममा थिएँ । सम्बन्ध विच्छेदवाली उही महिलालाई मैले निलो रङको भक्स वागनको पोलो गाडीमा अधबैंसे लोग्ने मानिससँगै बसेको देखें । उक्त गाडी मेरो घरको बाटो हुँदै अगाडि बढ्यो । मैले पनि निगरानी गरिरहें ।

उनीहरू मेरो घर छेउको अपार्टमेन्टभित्र छिरे । म आश्चर्यमा परें । गेटमा एउटा पाले हरियो रङको पोषाकमा उभिएको थियो । म उसको छेउमा गएर रोकिएँ । सोधें, "अहिले भर्खर भित्र गएको गाडी कसको हो भाइ ?" मलाई हेऱ्यो तर मेरो प्रश्नलाई वास्ता नगरेझैं गरे । शायद उसले केही भन्न चाहेन । मैले चिया खाऊ बाबु भन्दै रु ५०० को नोट उसको गोजीमा हालिदिएँ । ऊ थोरै पुलकित भयो र भन्यो, "अगि भित्र गएको त्यो गाडी काठमाडौंका पूर्व मेयरसाबको हो । उनी अति धनाढ्य व्यक्ति हुन् ।"! "अनि ती महिला ?" मैले उत्तरको अपेक्षासहित सोधें ।

उसले भन्यो, "उनको धेरै वर्ष अगाडि देखिको गलफ्रेण्ड हो क्या । यहाँ अपार्टमेन्ट लिनुभएको धेरै वर्ष भयो ।" सम्बन्ध विच्छेदवाली महिला प्रतिको मेरा सम्पूर्ण विश्वास, सद्भाव र सोचहरू नष्ट भए । शायद खरानी नै भए । उसको पति र छोराको मुहार मेरो परिधिमा घुमिरह्यो । बतासले बेस्सरी चिच्याए जस्तो लाग्यो । त्यहाँ नजीकै रहेको रूखका पातहरूले बिलौना गरे जस्तो लाग्यो ।

त्यो रूख प्यारालाइसिस भएको जस्तो देखिन थाल्यो । र, मेरा आँखाहरू परेलीको पर्दाभित्र प्रवेश गर्न चाहेनन् । मेरो मनमा एक किसिमको भाव झल्कियो… एउटा सपना टुट्छ सम्बन्ध हो, सीसा भनी सम्बन्ध बिग्रिंदै जान्छ हिस्सा सम्बन्धकै बनी ऐनासरि फुट्यो एक पारिवारिक आकृति उसकै उनकै देख्छु सन्तानको मुखाकृति ।।

***-साहित्यपोस्ट डटकम***

# दसैंको तेस्रो दिन, चन्द्रघण्टा देवीको पूजा गरिदै



**पाल्पा,** असोज १८/बडा दसैं एवं नवरात्रको तेस्रो दिन आज दसैँघर वा पूजा कोठामा नौ दुर्गामध्येकी तेस्रो चन्द्रघण्टा देवीको विधिपूर्वक पूजा आराधना गरिँदैछ । नवदुर्गामध्येकी तेस्रो देवी चन्द्रघण्टाले हातमा चन्द्रमाको आधार भएको घण्ट लिने भएकाले नै यिनको नाम चन्द्रघण्टा रहन गएको भन्ने विभिन्न पौराणिक एवं धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ । यस्ती देवीको पूजा आराधनाले शक्ति प्राप्त हुने भएकाले नवरात्रका अवसरमा विशेष पूजा आराधना गर्ने गरिएको पाइन्छ ।

मार्कण्डेय पुराणमा ‘चन्द्र : घण्टायां यस्या : सा’ अर्थात् चन्द्रमा जसको घण्टामा रहेको छ उनको नाम चन्द्रघण्टा हो भनि उल्लेख गरिएको छ । चन्द्रघण्टा देवीले शिरमा अर्धचन्द्रका साथै घण्ट पनि धारणा गर्ने भएकाले यो नाम रहन गएको हो । चन्द्रघण्टा देवीको स्वरुप पहेँलो वर्णको हुन्छ । यस्ती देवीले अत्याचारी दानवी स्वरुपलाई नाश गर्नेछिन् । चन्द्रघण्टा देवीको पूजा आराधनाका दिन मणिपुर चक्रलाई ध्यान गरिन्छ । चन्द्रघण्टा देवीको स्वरुपको ध्यान गर्दा अनेकौं शक्ति प्राप्त हुने विश्वास गरिन्छ । चन्द्रघण्टा देवीबाट कृपा भए समग्र पाप नाश हुने देवीको वर्णन गरिएका विभिन्न पुराण एवं ग्रन्थमा व्याख्या गरिएको छ ।

गीत संगीत क्षेत्रमा लागेकाले चन्द्रघण्टा देवीको विशेष आराधना गर्दछन् । नवरात्रको पहिलो दिन विहीबार दसैँघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । घटस्थापनाको अर्थ देवीको ध्यान साधनामा स्थापित हुनु पनि हो भन्ने श्रीमद्देवीभागवत लगायत पुराण एवं धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ । यही शास्त्रीय वचनका आधारमा धेरै भक्तजनले नवरात्रमा घर एवं शक्तिपीठमा देवीको साधना गरेर बिताउँछन् । घटस्थापना गरिएको दिन घडामा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन शुक्रबार पूजा स्थलमा नवदुर्गामध्येकी दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो ।

## खेलकुद समाचार

### एसिया रग्बीमा नेपाल पराजित



**काठमाडौं,** असोज १८/एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफी-२०२४ मा नेपालको पुरुष टिम बहराइनसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशलामा शुक्रबार भएको पुरुषतर्फको खेलमा नेपाल बहराइनसँग ७-२७ को स्कोरमा पराजित भएको हो । प्रतियोगितामा यो नेपालको दोस्रो पराजय हो । यसअघि भएको पहिलो खेलमा नेपाल उज्वेकिस्तानसँग ०-२४ को स्कोरले पराजित भएको थियो । यस्तै शुक्रबार भएको अन्य खेलमा जोर्डनले पाकिस्तानलाई २२-१५, कतारले साउदी अरेबीयालाई ३९-७, श्रीलङ्काले काजकिस्तानलाई ४३-०, भारतले बङ्गलादेशलाई ३१-० को स्कोरमा पारजित गरेको छ । चाइनिज ताईपेइले अफगानिस्तालाई २६-७ को स्कोरमा पराजित गर्यो । त्यस्तै पुरुषतर्फ भारतले श्रीलङ्कालाई २९-१० को स्कोरमा पराजित भएको थियो भने जोर्डनलाई फिलिपिन्सले ०-२६ ले पराजित गरेको थियो । भोलिसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा पुरुषतर्फ आयोजक नेपालसहित फिलिपिन्स, बहराइन, काजाकिस्तान, अफगानिस्थान, उज्वेकिस्तान, पाकिस्तान, भारत, कतार, साउदी अरेबिया, जोर्डन, बङ्गलादेश, चाइनिज ताईपेइ र श्रीलङ्का रहेका छन् । **-रासस**

## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउ चार सयले बढ्यो



**पाल्पा,** असोज १८/सुनको भाउ प्रतितोला चार सयले बढेको छ । लगातार ओरालो लाग्दै आएको सुनको मूल्य शुक्रबार तोलामा चार सयले वृद्धि भएको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बिहीबार प्रतितोला एक लाख ६० हजार नौ सयमा कारोबार भएको छापावाला सुन सो अवधिमा प्रतितोला एक लाख ६१ हजार तीन सय निर्धारण भएको छ । यस्तै, चाँदीको मूल्य प्रतितोला तीसले वृद्धि भएको छ । बिहीबार प्रतितोला एक हजार नौ सय ५० मा कारोबार भएको चाँदीको मूल्य एक हजार नौ सय ८० निर्धारण भएको छ । सुनको भाउले यतिबेला विश्व बजार नै तताई रहेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

बडा दशैंको हार्दिक मंगलमय शुभकामना
नेपालीहरूको महान् चाड विजया दशमी २०८१ को शुभ अवसरमा
शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण
महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
एमिस जोसेफ
प्रिन्सिपल
सागरमान महर्जन
अध्यक्ष
सेन्ट कपितानियो स्कुल परिवार
तानसेन, पाल्पा

हार्दिक मंगलमय शुभकामना
विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाइ, दिदीबहिनी तथा सम्पूर्ण नेपालीजनहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हुमराज बस्याल
सचिव
एवं
सुरेश कर्माचार्य
अध्यक्ष
भवन तथा बाटो निर्माणकर्मी संघ
तानसेन, पाल्पा

हार्दिक मंगलमय शुभकामना
विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, सेवाग्राही, शुभेच्छुकहरू तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
-प्रो. चुरा बहादुर खत्री/कमल कुमार श्रेष्ठ
साईन कन्ट्रक्सन प्रा.लि.
काठमाडौं

हार्दिक मंगलमय शुभकामना
विजया दशमीको शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बुबाआमा, दाजुभाई, दिदीबहिनी, खेलकुदप्रेमी तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रणयविरजंग राणा
अध्यक्ष
पाल्पा जिल्ला फुटबल संघ
तानसेन, पाल्पा परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई